मिति : २०७६।०४।१६ विहिव

समय : वेलुकी :५:१५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७६ साल साउन १६ गते विहिवारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षता पनौती नगर कार्यपालिकाको ७२ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री हरिप्रसाद चापागाई | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

निर्णय प्रतिलिपि तयार

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल

निर्णय प्रमाणित

**प्रस्तावहरू**

१. सहयोग सम्मान कार्यक्रम सम्बन्धमा ।

२. बिपद्बाट भएको क्षतिका सम्बन्धमा ।

३. होटल तथा पर्यटन ब्यवसायीको अधिवेशनका लागि सहयोग सम्बन्धमा ।

४. होमस्टे संचालन कार्यविधि तर्जुमा ।

५. आन्तरिक लेखा परीक्षणका लागि को.ले.नि.का. लाई अनुरोध गर्ने ।

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

६. साविक कुशादेवी गाविसमा रहेको विपद् व्यवस्थापनको रकम नगरस्तरीय विपद् व्यवस्थापन समितिको खातामा सार्ने

७. गार्ड इन्द्रबहादुर राना मगरलाई आर्थिक सहयोग ।

८. CAN को प्रस्तावलाई आर्थिक सहयोग ।

९. प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धमा ।

१०. बालमैत्री स्थानीय शासन सहजकर्ता सम्बन्धमा ।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल
२०७३

**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा कार्यपालिकाको मिति ०७६।०३।३१ को निर्णयानुसार यही ०७६ साउन १८ गते गर्ने भनिएको सहयोग सम्मान पुरूस्कारको सार्वजनिक कार्यक्रम ०७६ साउन २५ गते शनिवार विहान ११ बजे नगरपालिका हलमा आयोजना गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा हालैको बाढी पैह्रोले निम्तिएको विपद्बाट सृजित क्षतिलाई आवश्यक राहत सहयोग पुऱ्याउन गत ०७५।०४।२५ मा तर्जूमा भएको मापदण्डका आधारमा प्रमाणित भएको क्षतिलाई राहत सहयोग उपलब्ध गराउनका साथै भौतिक पूर्वाधारका हकमा आवश्यक लगत ईष्टिमेट यकिन पश्चात आवश्यक प्रकृया अधि बढाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा होटल तथा पर्यटन ब्यवसायी संघ नेपाल प्रदेश नं. ३ लाई प्रथम अधिवेशन ब्यवस्थापनको लागि रू. ५०,०००।- (पचास हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा होमस्टे संचालनका लागि आवश्यक कार्यविधि तर्जूमा गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाको गत आ.व. ०७५/७६ को आन्तरिक लेखा परिक्षण कार्यका लागि तत्काल जनशक्ति अभाव भएकोले उक्त अवधिको आ.ले.प. गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालय काभ्रेपलाञ्चोकमा अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा साविक कुशादेवी गाविस यस नगरपालिकामा समावेश भइसकेकोमा उक्त गाविसले नगरपालिकामा समावेश हुनुपूर्व राष्ट्रिय बाणिज्य बैंक धुलिखेलमा राहत र उद्धार ब्यवस्थापन समिति नामको चल्ति खाता खोली उक्त खाता नं. १०४००१२८०००१ मा रू. ३५,५८,७३४।- जम्मा गरेकोमा सो खाताको रकम यस नगरपालिकाको नेपाल बैंक लि. पनौतीमा रहेको प्रकोप ब्यवस्थापन कोष खाता नं. ०९००३००००००००५००४००२ मा सार्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिकाको आन्तरिक सुरक्षा गार्डका रूपमा कार्यरत पनौती नगरपालिका वडा नं ५ निवासी इन्द्रबहादुर राणामगरको असामयिक दुःखद निधन प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै निजको परिवारलाई सहयोग पुऱ्याउन निज मृतककी श्रीमती चमेली राणा मगरलाई रू. ६०,०००।- (साठी हजार) उपलब्ध गराउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा CAN काभ्रेलाई प्रदेश नं. ३ स्तरीय सूचना तथा संचार प्रविधि सम्मेलनका लागि रू. ५०,०००।- (पचास हजार) हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिकाको लागि अमीन पद एक करारमा ब्यवस्थापन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा यस नगरपालिकालाई बालमैत्री नगर बनाउने क्रममा केहि वडाहरू बालमैत्री घोषणा भइसकेको केहि घोषणाको पूर्वतयारीमा रहेको, घोषणा भएकालाई निरन्तर टिकाउपूर्ण बनाउने र घोषणा हुन बाँकीलाई घोषणामा सहयोग पुऱ्याई घोषणा पश्चात टिकाउपूर्ण बनाउन तत् सम्बन्धी छुट्टै जनशक्ति ब्यवस्थाले प्रभाकारीता सिद्ध गर्न सक्नेमा नगरपालिकाको मौजूदा जनशक्तिले वडागत रूपमा यस्तो ब्यवस्था तत्काल गर्न सक्ने अबस्था नहुँदा अर्को ब्यवस्था नभएसम्मका लागि साविकमा महिला विकास कार्यक्रमबाट सामाजिक परिचारिकाका रूपमा जिम्मेवारी प्राप्त गरी हाल यसै नगरपालिकाको सम्बन्धित वडामा कामकाज गरिरहेका लगायत विगतमा सामाजिक परिचालकको जिम्मेवारी प्राप्त गरि हालसम्म नगरपालिकाको काममा प्रत्यक्ष संलग्न भई निरन्तर सेवामा रहेकालाई बालमैत्री सहजकर्ताको जिम्मेवारी दिने र जुनवडामा यस्तो जनशक्ति अभाव रहेको छ त्यस्तो वडामा सम्बन्धित वडाले सम्बन्धित कामको अनुभव लगायत कम्तिमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको नगर क्षेत्र भित्रका स्थायी बसोवासी महिलालाई देहाय बमोजिम सहजकर्ताको जिम्मेवारी दिने ब्यवस्था मिलाउने निर्णय गरियो ।

- ❖ सहजकर्ताको जिम्मेवारी दिंदा सबै वडाले आफ्नो वडा समितिको बैठकबाट निर्णय गराउनु पर्ने ।
- ❖ वडाले जिम्मेवारी तोकेको आधारमा जिम्मेवारी तोकिएको सूचना वडा सचिवले दिने र सो को जानकारी नगरपालिकाकालाई दिने ।
- ❖ वडाले जिम्मेवारी तोकेता पनि काम प्रतिको लगावमा कमी देखिए, अन्य गैह्र कृयाकलापमा संलग्न भए गरेको देखिए, नियमित हुन नसके सचेत गराउने, कार्यक्षेत्र परिवर्तन गर्ने लगायत आवश्यकतानुसार नगरपालिकाले सीधै जिम्मेवारी मुक्त गर्न सक्ने छ ।
- ❖ सहजकर्ताको मासिक पारिश्रमिक वडाले प्राप्त गर्ने बजेट खर्च गर्ने अख्तियारी भित्रबाटै वडाले नै भुक्तानी गर्ने गरी रू. १५०००।- (पन्ध्र हजार) हुनेछ साथै १ महिना वरावरको चाडपर्व खर्च र बार्षिक रू. ७,५००।- (सात हजार पाँच सय) को पोशाक खर्च समेत उपलब्ध हुनेछ ।
- ❖ हाललाई पारिश्रमिक उपलब्ध गराउँदा बालमैत्री घोषणा भइसकेको वडाको हकमा लगानी योजनाबाट र अन्यका हकमा घोषणा कार्यक्रम कार्यान्वयका लागि उपलब्ध हुने बजेट खर्च शिर्षकबाट हुनेछ । यो ब्यवस्था ०७६ श्रावण देखिनै लागु गर्न सकिनेछ ।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल

वरिष्ठ प्रशासकीय अधि

निर्णय प्रमाणित

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत